10/11/22, 11:25 AM panchapuri m.jpg

पञ्चपुरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश,नेपाल

मिति: २०७९/०६/२५ गते
ठेकमध्य दैनिकमा प्रथम
पटक प्रकाशित

## नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सिलबन्दी दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०६/२५ गते )**

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, नदीजन्यपदार्थ व्यवस्थापन कार्यविधि-२०७५, यस सम्बन्धी प्रचलित ऐन नियम/ नगरसभाको निर्णय बमोजिम यस पञ्चपुरीनगरपालिकाले तोकिएको नदिरखोलाहरुको स्वीकृत स्थानहरुबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्यपदार्थ उत्खनन गरी पञ्चपुरीनगरपालिकाले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नै पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.न. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिणाम (घनमिटर) | | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू. अ. करबाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | PMO/ SQ/GOODS/ 2079-80/01 | सियालीघाट खोला, चौर खोला र बरैचे खोला ढुङ्गा, गिट्टी र बालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | सियालीघाट खोला | ३६६६.६७ | १०९७२५८.२५ | कबोल अङ्कको ५% | १००० |
| | | | चौर खोला | ३०२५ | | | |
| | | | बरैचे खोला | ३६६६.६७ | | | |
| | | | **जम्मा** | **१०३५८.३३** | | | |
| २ | PMO/ SQ/GOODS/ 2079-80/02 | भ्यागुते/आँपसैनी/ चौर खोला, मैनिघाट/दुलालथाई खोला र माझीगाउँ कस्सेनी खोला ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | भ्यागुते/आँपैनी/चौर खोला | ४२०० | १२८९६९७.७५ | कबोल अङ्कको ५% | १००० |
| | | | मैनिघाट/दुलालथाई खोला | ३८५० | | | |
| | | | माझीगाउँ कस्सेनी खोला | ४१२५ | | | |
| | | | **जम्मा परिणाम** | **१२१७५.००** | | | |
| ३ | PMO/ SQ/GOODS/ 2079-80/03 | कोसेनी खोला ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, संकलन तथा विक्री वितरण | कोसेनी खोला | ८२५० | ८७३९२२.५ | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **८२५०.००** | | | |
| ४ | PMO/ SQ/GOODS/ 2079-80/04 | बड्डी खहरे खोला ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | बड्डी खहरे खोला | १६५००. | १७४७८४५. | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **१६५००.००** | | | |
| ५ | PMO/ SQ/GOODS/ 2079-80/05 | तातापानी खोला उत्खनन ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा विक्री | तातापानी खोला | ८२५०. | ८७३९२२.५ | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **८२५०.००** | | | |
| ६ | PMO/ SQ/GOODS/ 2079-80/06 | विशाले खोला उत्खनन ढुङ्गा, गिट्टी र वालुवा उत्खनन,, सङ्कलन तथा विक्री वितरण | विशाले खोला | ३५००. | ३७०७५५.०० | कबोल अङ्कको ५% | १००० |
| | | | **जम्मा परिणाम** | **३५००.००** | | | |
| प्रति वर्गफिट रु ३ | | | | | | | |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्रफाराम दस्तुर वापत RastriyaBanijya Bank, सुर्खेतमा रहेको यस कार्यालयको संचित **कोष खाता नं** ४४२०१००३०१०१०००५, **खातावालाको नाम :** Panchapuri Municipality RAJASWA A/Cमा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मिति:२०७९/०७/११ गते दिनको कार्यालय समयसम्म **सिलबन्दी दरभाउ-पत्र** फारम पञ्चपुरी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ। सिलबन्दी **दरभाउ-पत्र पेश** गर्न चाहने दरभाउ-पत्र दाताले पञ्चपुरी नगरपालिकाको कार्यालयमा मात्र सिलबन्दी दरभाउ-पत्रपेश गर्न सक्ने व्यवस्था गरिएको छ।

२. **सिलबन्दी दरभाउ-पत्र** फारम भर्दा कवोल रकम,अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुनआउने धरौटी रकम यस कार्यालयको धरौटी हि.नं.४४२०१००३०३००००००५, धरौटी हि.नं. Panchapuri Municipality DHARAUTI A/C मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जार गरिएको विड वण्ड सिलबन्दी दरभाउ-पत्र साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको **दरभाउ-पत्र** फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी **दरभाउ-पत्र** दाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १७ औं दिन २०७९/०७/१४दिनको १२.०० बजे भित्र रुरु नगरपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको **सिलबन्दी दरभांउ-पत्र** अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको -२०७९/०७/१५ दिनको २:०० वजेविभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि **सिलबन्दी दरभाउ-पत्र** खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको ११ बजे खोलिनेछ।

६. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि सोही निर्धारित स्थलवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्ने।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हँदा सोही पुस्तिकाबाट अवगतगर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. म्याद नाघी, रीत नपुगी र/वाशर्तसहित पेश हुनआएकावोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्यहुनेछैन। वोलपत्र स्वीकृत गर्ने वानगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९.तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकमजफत गरी नियमानुसार ठेक्कावन्दोवस्तगरिनेछ।

१०. यस नगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था,यस सम्बन्धी प्रचलित ऐन नियम,नदि जन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन।

११. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्।

प्रमुख प्रशासकिय अधिकृत